# वीरेन्द्रनगर नगरपालिका सुर्खेत

# वन्दा वन्दी (लकडाउन) राहत वितरण व्यवस्थापन कार्यक्रम संचालन प्रतिवेदन, २०७७



## वीरेन्द्रनगर नगरकार्यपालिकाको कार्यालय
## योजना तथा वातावरण शाखा
## वीरेन्द्रनगर, सुर्खेत

# वीरेन्द्रनगर नगरपालिका सुर्खेत

## वन्दा वन्दी (लकडाउन) राहत वितरण व्यवस्थापन कार्यक्रम संचालन प्रतिवेदन

२०७७

१, पृष्ठभूमीः

हाल विश्वभर फैलिएको कोरोना भाईरस (कोभिड १९) को संक्रमण विरुद्ध प्रतिरक्षा गर्ने उद्देश्यले नेपाल सरकारले मिति २०७६ चैत्र ११ गते देखि 'औषधि उपचार, खाद्यवस्तु खरिद जस्ता अत्यावश्यक काममा बाहेक कुनै पनि व्यक्ति घरबाट बाहिर निस्कन नपाउने' र सम्पूर्ण ब्यक्तिहरुलाई घरमै बसी उक्त संक्रमण विरुद्ध सजग हुने गरी सम्पूर्ण देश नै 'लक डाउन'गरेको अवस्थामा राज्यका सवै संरचना कोरोना भाइरसको संक्रमण रोकथामका लागि परेको अवस्थामा यस वीरेन्द्रनगरपालिकाले समेत स्थानिय सरकारका हैसियतले सरकारको लकडावन लाई पूर्ण सफल वनाउन वीरेन्द्रनगरका बासिन्दा मध्ये दैनिक परिश्रम गरी साँझ बिहान छाक टार्नुपर्ने र बन्दको कारणले साँझ विहान खान नपाउने किसिमका परिवारहरुको पहिचान गरी संख्यात्मक विवरण उपलब्ध गराई त्यस्तो परिवारलाई बन्द नखुल्ने अवधि सम्मका लागि नगरपालिकाले राहत वितरणा गर्ने नगर कार्यपालिकाको निर्णय वमोजिम वडा र नगर स्तरमा राहत वितरण कार्यक्रम संचालन गरि यो प्रतिवेदन तयार गरिएको छ ।

२, उद्देश्य

- मज्दुर तथा अति विपन्न परिवार छनौट गरि विहान सांझ छाक टार्न सहयोग गर्ने ।
- सरकार द्धारा जारी वन्दा वन्दी (लक डावन)लाई सफल वनाउंदै कोरोनाको संक्रमण जोखिमलाई न्यूनिकरण गर्ने ।

३, राहत वितरण विधि

नगर भित्रका मज्दुर तथा अति विपन्न वर्ग पहिचहान गरि राहत वितरण गर्ने क्रममा निम्नानुसार ३ चरणमा गरिएको थियो ।

क) प्रथम चरण : वीरेन्द्रनगरका स्थायी वसोवासीहरु

यस चरण अन्तरगत राहत वितरण गदा निम्नानुसार प्रकृया अपनाइएको थियो ।

१, माग संकलन

प्रत्येक वडा कार्यालय मार्फत कार्यपालिकावाट स्वीकृत देहायका सूचकहरु पुरागरेका अति विपन्न तथा मज्दुर परिवारको सूचना संकलन गरि सलग्न अनुसूचि १ वमोजिमको फारम भरि कार्यालयवाट तोकिएको मापदण्ड वमोजिमको राहत सामाग्री उपलब्ध गराइदीन नगरकार्यपालिकाको वातावरण तथा विपद शाखाको इमेल bipad.bnm@gmail.com मार्फत राहत सामाग्री खरिद आदेश इमेलवाटै सम्वन्धित वडा कार्यालयले पाउने व्यवस्था मिलाईएको ।

अति विपन्न तथा मज्दुर परीवार छनौट आधारः

- दैनिक असंगठित क्षेत्रमा काम गरी साँझ विहान दैनिकी गुजारा गर्नुपर्ने परिवार,
- अन्यत्रबाट वीरेन्द्रनगरमा आई विभिन्न पेशामा आबद्ध भई (विद्यार्थी समेत) बसोबास गर्ने तर निजको घरमा परिवारको अन्य कुनै आयस्रोत नभई आफैले मजदुरी गरी दैनिक खानुपर्ने बर्ग,
- मासिक तलवभत्ता प्राप्त गर्ने गरी परिवारको कुनै पनि सदस्य स्वदेश अथवा विदेशको संगठित संस्थामा रोजगारमा नरहेको साथै मासिक पेन्सन नपाउने,
- अपाङ्गता भएका, एकल महिला र अशक्त ब्यक्तिहरुलाई पहिलो प्राथमिकता दिने,
- कुनै पनि परियोजना संचालानार्थ कुनै निर्माण ब्यवशायीले कामदारको रुपमा नल्याएको बर्ग, वा सवारी धनीले रोजगारी दिएका बाहेकका यातायात मजदुर,
- कतिपय वडा कार्यालयले स्थायी वसोवासीहरुको छुट सूचि समेत माथि उल्लेखित विधि प्रकृया र मापदण्ड वमोजिम थप राहत वितरणको माग संकलन गरि कार्यालयमा पठाए पश्चात पुनः थप आदेश जारी गरिएको थियो ।

## २, राहत वितरण :

- राहत वितरण गर्नु पुर्व वडा विपद व्यवस्थापन समिति वा वडा समितिले राहत प्रदान गर्ने परिवारको अन्तिम सूचिको निर्णय गरीएको , सोही आधारमा प्रत्येक परिवारको एक जना सदस्यलाई कार्यपालिकावाट तोकिए वमोजिम निम्नानुसारको मापदण्डमा राहत वितरण वडा कार्यालय र विभिन्न टोल वस्तीमा वडाका कर्मचारी तथा जन प्रतिनिधिहरु पुगी गराइएको, यसरी राहत वितरण गर्दा कोरोना भाइरस (कोभिड १९) संक्रमण फैलिने जोखिमलाई विशेष ध्यान दिंदै सामाजिक दुरी र कर्मचारी पदाधिकारी र नागरिकको सूरक्षा व्यवस्थालाई समेत विशेष ध्यान दिई कम झन्जटीलो र छरितो कार्यपालिकावाट तोकिएक वमोजिमको विधि अवलम्वन गरिएको थियो । यसरी सवै परिस्थीतिमा राहत प्राप्त कर्ताको कागजी प्रमाणको प्रतिलिपि नराखी राहत वितरण कर्ताले प्राप्त कर्ताको परीचय पत्र रुजु गरेर मात्र पनि राहत वितरण गरिएको थियो ।

- राहतको मापदण्ड : वडा कार्यालयले राहत वितरण गर्दा कार्यपालिकाले तोकेको देहायको अधिकतम् मापदण्ड भन्दा नवढ्ने नहुने गरि स्थानीय परिवेश अनुसार राहत वितरण गरेको ।
  - ✓ प्रति परिवार ४ जना सम्मको लागि अधिकतम १५ केजी चामल,दाल १ केजी, १ केजी नुन,तेल ५०० मिली र प्रति परिवार ४ जना भन्दा बढिको हकमा अधिकतम ३० केजी चामल,दाल २ केजी, १ केजी नुन,तेल ५०० मिली
- राहत स्वरुप खाद्यान्न बितरण गर्दा परिवार सदस्य संख्याको आधारमा वितरण भएको, यस प्रयोजनार्थ परिवार संख्या गणना गर्दा एक वर्ष भन्दा माथि उमेर भएका सदस्यको मात्र गणना गरिएको,
- राहत वितरणको वडागत विवरण (थप माग सहित) निम्नानुसार रहेको छ ।

(प्रथम चरण राहत वितरण तालिका संलग्न **PDF** फाइलमा छ ।)

ख) द्धितिय चरण : वाह्य जिल्लावाट आई यस नगरमा वसोवास गर्ने  मज्दुर तथा विपन्न वर्ग र विद्यार्थी

१, माग संकलन

यस चरणमा समेत प्रत्येक वडा कार्यालय मार्फत कार्यपालिकावाट स्वीकृत सूचकहरु पुरागरेका अति विपन्न तथा मज्दुर परिवारको सूचना  टोल विकास संस्था मार्फत संकलन गरि सलग्न अनुसूचि वमोजिमको फारम भरि कार्यालयवाट तोकिएको मापदण्ड वमोजिमको राहत सामाग्री उपलब्ध गराइदीन नगरकार्यपालिकाको वातावरण तथा विपद शाखाको इमेल (bipad.bnm@gmail.com) मार्फत  राहत सामाग्री खरिद आदेश इमेलवाटै सम्वन्धित वडा कार्यालयले पाउने व्यवस्था मिलाईएको ।

२, राहत वितरण

राहत वितरण गर्दा कार्यपालिवाट भएका देहायका निर्देशनहरु पालना गरि राहत वितरण गरिएको थियो ।

- प्रत्येक वडाले टोलहरु मार्फत यस्ता ब्यक्तिहरुको नामावली प्राप्त गरी वडा समिति बैठकमा छलफल गरी रुजु गरेर नामावली प्रकाशन गरेर सो का लागि लाग्ने परिमाण र रकम समेत नगरपालिकाको ईमेल bipad.bnm@gmail.com मा गरी स्वीकृति पत्र प्राप्त भए पश्चात मात्र राहत वितरण गर्ने, तर यस्तो विवरण प्राप्त गरी राहतको स्वीकृति हुनु पूर्व अघिल्लो आदेश वमोजम वितरण भएको राहतको बिल भरपाई वडाबाट भुक्तानीको लागि सिफारिस  गर्नुपर्ने व्यवस्था मिलाइइको थियो ।
- वास्तविक वर्गले राहत पाउने गरी ब्यवस्थापन गर्ने र यसरी राहत वितरण पश्चात सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण समेत गर्ने ब्यवस्था मिलाउने, गलत नाम सिफारिस गर्ने टोल,टोलको पदाधिकारी र राहत लिने परिवार,घरबेटीलाई समेत नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधा रोक्का गरी सिफारिस गरेको रकमको दोब्बर रकम असुल उपर गर्ने सक्ने सूचना गर्ने ,
- राहत स्वरुप खाद्यान्न बितरण गर्दा परिवार सदस्य संख्याको आधारमा वितरण गरिने, यस प्रयोजनार्थ परिवार संख्या गणना गर्दा एक वर्ष भन्दा माथि उमेर भएका सदस्यको मात्र गणना गर्ने,
- विद्यार्थीको हकमा विपन्न वर्ग भनी घरबेटीको सिफारिस सहित वडामा निवेदन दिएमा  सम्बन्धित वडाले प्रति विद्यार्थी ५ केजी चामल,१ केजी दाल,१ केजी नुन र ५०० मिलि तेल उपलब्ध गराउने ।
- खाद्यान्न खरिद र वितरणको हकमा प्रत्येक वडाले यस अघि नगरबासीलाई राहत वितरण गर्दा अबलम्बन गरिएको बिधी र प्रक्रिया बमोजिम प्रति परिवार ४ जना सम्मको लागि अधिकतम १५ केजी चामल,दाल १ केजी, १ केजी नुन,तेल ५०० मिली र प्रति परिवार ४ जना भन्दा बढिको हकमा अधिकतम ३० केजी चामल,दाल २ केजी, १ केजी नुन,तेल ५०० मिली उपलब्ध गराउने, सरकारी निकायमा खाद्यवस्तु उपलब्ध नहुने भएमा सो दररेटमा नबढ्ने गरी (अरुवा सोना मन्सुली वा सो सरहको चामल रु ४०.५० प्रति केजी २०७६ चैत्र २५ देखि लागु भएको, नुन १९ रुपैया प्रति केजी, दाल १२० रुपैया प्रतिकेजी र तेल ८३ रुपैया प्रति ५०० मिलि) कोटेशनको माध्यमबाट अन्यत्रबाट वडा कार्यालयले खरिद गरी बिल भर्पाई पेश गर्न सकिने,
- भाडामा बस्ने मजदुर वर्गले अनिवार्य रुपमा घरबेटीको सिफारिस गर्नुपर्ने,
- लाभग्राहीले आफ्नो नागरिकता प्रमाणपत्र, मतदाता प्रमाणपत्र, सवारी चालक अनुमति पत्र वा सरकारी निकायबाट जारी कुनै पनि प्रमाण संलग्न राख्नुपर्ने, यस्तो प्रमाण पेश गर्न नसकेमा त्यस्तो परिवार उक्त ठाउँमा बसोबास गरेको हो भनी जनप्रतिनिधीको रोहबरमा छिमेकीले गरेको सर्जमिन मुचुल्का भरपाईका साथ संलग्न राख्ने,
- वितरण कार्य समाप्त भए पछि लगत्तै सम्पूर्ण बिल भर्पाई र वडा समितिको निर्णय समेत संलग्न गरी नगरपालिकामा भुक्तानीका लागि सिफारिस गर्ने,

➢ दोश्रो चरण अन्तरगत वडागत रुपमा वितरण भएको राहतको विवरण  निम्नानुसार रहेको छ ।

(दोश्रो चरण राहत वितरण तालिका संलग्न **PDF** फाइलमा छ ।)

## ग) रासन नभएकाले नगरपालिकाको कल सेन्टरमा नाम टिपाउने विधि ।

१ माग संकलन

प्रथम चरण र दोश्रो चरणमा वडावाट राहत वितरण गरे पश्चात मिति २०७७ वैशाख ३ गतेको नगर कार्यपालिकाको निर्णयानुसार बैशाख ७ गते पश्चात पनि कुनै परिवारलाई राहत वितरण नगरि नहुने अवस्था आई वडा कार्यालय वा नगरपालिकामा सूचना आएमा नगरपालिकाको मापदण्ड अनुसार पर्ने नपर्ने विषय वडाबाट जनप्रतिधि सहितको टोली निजको बासस्थानमा गई एकिन गरि व्यक्ति र परिचय खुल्ने कागजात हेरी सूचना संकलन गरी निर्धारित सहि छाप सहित अर्डर स्लीप उपलब्ध गराउने, त्यस्तो अर्डर स्लिप लिएर लाभग्राहीलाई नगरपालिकाको कार्यालय वा अन्य उपयुक्त स्थानबाट सामाजिक दुरी कायम गरी वितरण गर्ने । यसरी वितरण गर्दा सामग्रीको हकमा हाल प्रदेश सरकारबाट प्राप्त ५६९ प्याकेट खाद्यान्न वितरण गर्ने र सो बाट नपुग हुने भएमा नगरपालिकाले पुनः खरिद गरी पोका तयार गरेर वितरण गर्ने निर्देशन भए वमोजिम वीरेन्द्रनगर नगरकार्यपालिकाको कार्यालयले नगरपालिकाको दमकलको फोन १०१ र ०८३५२०१४४ नम्वरलाई कल सेन्टरको नम्वर वनाई सोही कल सेन्टरमा राहतको अति आवश्यक्ता भएका व्यक्तिहरुको नाम संकलन तथा प्रारम्भीक रुपमा अन्तरवार्तावाट विपन्नताको अवस्था पहिचहान गर्ने काम गरिएको थियो ।

- कल सेन्टरमा आफु भोको र विपन्न रहेको सूचना टिपाउने व्यक्तीहरुको नाम,ठेगाना र सम्पर्क नम्वर कल सेन्टरमा दर्ता गर्ने व्यवस्था मिलाइएको थियो ।
- कल सेन्टरमा नाम दर्ता गर्ने व्यक्तीको घरमा जान नगरकार्यपालिकाको अधिकृत र जन प्रतिनिधि वा वडाको कर्मचारी टोलि रहेको विशेष टोलि गठन गरि निजहरुवाट कल सेन्टरमा आएको सूचनाका आधारमा घरमा गई अनुसूचि ३ मा उल्लेख भए वमोजिमको सूचना सहित निजहरुको अवस्था अध्ययन गरि परिवार संख्याका आधारमा तोकिए वमोजिमको राहत सिफारिश फाराम सम्वन्धितलाई दिने व्यवस्था मिलाइएको थियो ।
- फोन कल गर्न नसक्ने तथा पहुंच वाहरी रहेका अपांग असक्त कार्यालयमै प्रमाण सहित उपस्थीत भएको खण्डमा निवजको अवस्था राहत वितरण टोली प्रमुखले वुझि सोही आधारमा विशेष कारण खुलाई स्थलगत रुपमा राहत समेत वितरणको व्यवस्था मिलाईएको थियो ।

२ राहत वितरण

कल सेन्टरमा नाम लेखाएका आधारमा फिल्ड अध्ययन गर्दा समेत विपन्न र मज्दुरी गरि खाने परिवार भएको एकिन भएमा कार्यपालिकावाट तोकिए बमोजिमको राहत सामाग्री नगर कार्यपालिकाको कार्यालयवाट सामाजिक दुरी एवं अन्य सुरक्षाका उपाय अवलम्वन गरि वितरण गरिएको थियो । यसरी सामाग्री वितरण गर्दा लाभग्राहीले पेश गरेको सर्वेक्षण फाराम र निजको परिचय पत्रमा उल्लेख भएको नाम एकिन गरि अध्ययन टोलीको फारमलाई नै मूख्य भरपाई एवं आधार वनाई सोही कागजमा लाभ गराईको सहिताप गराइ राहत वितरण गरिएको थिया ।

- राहत वितरण मापदण्ड : राहतको मापदण्ड राहतको मौज्दात अवस्थाका आधारमा कार्यपालिका र नगरस्तरीय विपद व्यवस्थापन समितिको निर्णयानुसार ३ प्रकृतीमा वितरण गरिएको थियो ।
  क) प्रदेश सरकारवाट प्राप्त १ पोका (चामल ५ केजी, दाल २ केजी, तेल १ लि, नुन १ पोका) र प्रति व्यक्ती ५ केजी चामल थप ।
  ख) प्रति परिवार ५ केजी चामल, नुन,१ पोका, दाल १ केजी, थप प्रति व्यक्तीका दरले ५ केजी चामल थप ।
  ग) प्रति परिवार ५ केजी चामल, नुन,१ पोका, दाल १ केजी, थप प्रति व्यक्तीका दरले २ केजी चामल थप ।
- अति विपन्न वस्ने विशेष वस्ती वाढी पिडित, झुप्रा वादी वस्ती जस्ता वस्तीहरुमा एकमुष्ट फिल्ड अध्ययन गरि नगरपालिका तथा वडा कार्यालयको राहत वितरण टोलीले स्थलगत भरपाई वनाई राहत वितरण गरेको ।
  - फोन कल गर्न नसक्ने तथा फोन पहुंच वाहीर रहेका अपांग असक्त कार्यालयमै प्रमाण सहित उपस्थीत भएको खण्डमा निजको अवस्था राहत वितरण टोली प्रमुखले वुझि सोही आधारमा विशेष कारण खुलाई स्थलगत रुपमा राहत समेत वितरणको व्यवस्था मिलाईएको थियो ।
  - विशेष आवासमा वस्दै आएका विद्यार्थी र एवं अन्य व्यक्तीहरुलाई सम्वन्धित वडा, संस्था को सिफारिश एवं माग वमोजिम कार्यालयको निर्णयानुसार तोके वमोजिम राहत वितरण गरिएको ।

**३, कल सेन्टरमा प्राप्त सूचना तथा राहत वितरण अवस्था :**

जम्मा कल संख्या ४३८८ जना

स्थलगत अध्ययन संख्या ३७५५ घर

अस्वीकृत तथा सम्पर्क नभएको संख्या ६३३ जना

राहत प्राप्त संख्या : ४२९९ परिवार

## ४,राहतका लागि सामाग्री व्यवस्थापन विधि, प्रकृया

क) वडास्तरमा राहत वितरणका लागि खाद्यन्न व्यवस्थापन

- खाद्यान्न खरिद र वितरणको हकमा प्रत्येक वडाले कार्यपालिकाद्धारा तोकिए बमोजिमको बिधी र प्रक्रिया बमोजिम प्रति परिवार ४ जना सम्मको लागि अधिकतम १५ केजी चामल,दाल १ केजी, १ केजी नुन,तेल ५०० मिली र प्रति परिवार ४ जना भन्दा बढिको हकमा अधिकतम ३० केजी चामल,दाल २ केजी, १ केजी नुन,तेल ५०० मिली उपलब्ध गराउने, सरकारी निकायमा खाद्यवस्तु उपलब्ध नहुने भएमा सो दररेटमा नबढ्ने गरी (अरुवा सोना मन्सुली वा सो सरहको चामल रु ४०.५० प्रति केजी २०७६ चैत्र २५ देखि लागु भएको, नुन १९ रुपैया प्रति केजी, दाल १२० रुपैया प्रतिकेजी र तेल ८३ रुपैया प्रति ५०० मिलि) कोटेशनको माध्यमबाट अन्यत्रबाट वडा कार्यालयले खरिद गरी बिल भर्पाई पेश गर्न सकिने गरि वडा कार्यालयलाई चामल र नुन

वाहेकको सामाग्री प्रवन्धका जिम्मेवारी दिइएको । सरकारी निकायमा सामाग्री भए सम्म सरकारी निकायवाटै सामाग्री खरिदको व्यवस्था मिलाएको ।

ख)नगर कार्यपालिकाको कार्यालयमा संचालित कल सेन्टर मार्फत राहत विवरणका लागि खाद्यन्न व्यवस्थापन गर्ने क्रममा प्रदेश सरकारवाट प्राप्त विशेष राहत पोका ६०० थान र विभिन्न वडावाट पठाइएको मौज्दात खाद्य सामाग्रीलाई समेत प्रयोग गर्दे नपुग सामाग्रीहरु मध्ये चामल खाद्य व्यवस्था तथा व्यापार कम्पनी र नुन साल्ट ट्रेडिङ.वाट आवश्यक्ता अनुसार सोझै खरिद गरिएको थियो भने दालको हकमा ३ दिने विशेष टेण्डर वेयभसाइट, जिल्ला प्रशासन कार्यालय, उद्योग वाणिज्य संघ लगाएत सम्वन्धित कार्यालयहरु को सूचना पाटीमा टांस गरि कार्यपालिकावाट तोकिएको दरमा घटाघटमा खरिद गरिएको थियो ।

जसअनुसार प्रदेश सरकार, वडा कार्यालय वाट प्राप्त सामाग्री र कार्यालयवाट खरिद गरिएको समाग्रिको विवरण निम्नानुसर रहेको छ ।

**राहत भण्डारण विवरण**

| क्र.सं | राहत प्राप्त | पोका | चामल | दाल | नून | तेल |
|---|---|---|---|---|---|---|
| १ | प्रदेश सरकारबाट प्राप्त | ६०० | | | | |
| २ | १२ नं वडा कार्यालय बाट प्राप्त | | ९३० | | | |
| ३ | ११ नं वडा कार्यालय बाट प्राप्त | | २१६० | १७ | २०२ | |
| ४ | ७ नं वडा कार्यालय बाट प्राप्त | | २५१ | | | |
| ५ | २०७७□१□११ मा नगरपालिका खरिद खाद्यबाट | | १८०० | | | |
| ६ | १० नं वडा कार्यालयबाट प्राप्त | | ११७० | ० | २५ | |
| ७ | २०७७□१□१२ मा नगरपालिका खरिद खाद्यबाट | | ३००० | ० | | |
| ८ | २०७७□१□१४ मा नगरपालिका खरिद खाद्यबाट | | १५००० | | | |
| ९ | २०७७□१□१४ मा नगरपालिका खरिद दाल | | | | १००० | |
| १० | ६ नं वडा कार्यालयबाट फिर्ता | | १४० | १७ | ६५ | ६५ |
| ११ | १ नं वडा कार्यालयबाट फिर्ता | | १२५० | १७५ | २०० | ३२ |
| १२ | २ नं वडा कार्यालयबाट फिर्ता | | २९२५ | ३१० | २६६ | २८३ |
| १३ | दाल खरिद २०७७□१□२० | | | ५०० | | |
| १४ | नून खरिद | | | | ५०० | |
| १५ | खाद्यबाट खरिद २०७७□०१□२१ | | ९००० | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १६ | खाद्यबाट खरिद २०७७□०१□२१ | | २४० | | | |
| १७ | दाल खरिद २०७७□१□२२ | | | ७०० | | |
| १८ | चामल खरिद २०७७□०१□२२ | | ९००० | | | |
| १९ | ४ नं वडा बाट फिर्ता | | ६८५ | १२९ | ३४८ | |
| २० | नून खरिद २०७७□०१□२२ | | | | ५०० | |
| २१ | नून खरिद २०७७□०१□२४ | | | | ५०० | |
| २२ | चामल खरिद २०७७□०१□२४ | | २४० | | | |
| २३ | खरिद २०७७□०१□२४ | | १०५०० | २००० | ५०० | |
| **जम्मा** | | **६००** | **५८२९१** | **३८४८** | **४१०६** | **३८०** |

राहत वितरण पश्चात नगरपालिकामा २०७७ बैशाख मसान्तमा मौज्दात रहेको सामग्रीको विवरण यसप्रकार रहेको छ ।

| **क्र सं** | **सामग्रीको नाम** | **परिमाण** | **अवस्था** | **कैफियत** |
|---|---|---|---|---|
| १ | प्रदेश पोका | २८ | त्यसमा १ फुटेको | |
| २ | चामल | ८।५ थैला | २।५ थैला खोलेको | |
| ३ | दाल | १६ केजी | प्याक गरेको र २ बोरा नखोलेको | |
| ४ | नुन | २२२ केजी | यस बाहेक ४० पोका फुटेको | |
| ५ | तेल | ३८० पोका | | |

५) राहत वितरण तथा व्यवस्थापनकालागि जनशक्ति परिचालनः

वडा तहको राहत वितरणमा वडा अध्यक्षको निर्देशन एवं वडा सदस्यहरुको विशेष सक्रियतामा वडामा कार्यरत अनुसूचि २ मा उल्लेख भए वमोजिमका कर्मचारीहरु परिचालन भएका थिए भने नगरकार्यपालिकाको कार्यालयवाट संचालन भएको कल सेन्टर, फिल्ड अध्ययन तथा राहत वितरण तथा व्यवस्थापनमा प्रमुख प्रशासकिय अधिकृत श्री टिकाराम ढकालको निर्देशन तथा वरिष्ठ अधिकृत श्री प्रकाश पौडेलको संयोजकत्वमा निम्न कर्मचारीहरु रहेको क्षेत्रगत टोलि वनाइ काम गरिएको थियो ।

क) कल सेन्टर संचालन

टोलि प्रमुख : गोविन्द दहाल

सदस्यहरु : धनवहादुर केसी

सदस्य : ज्योती केसी

सदस्यः शुशिला अर्याल

सदस्यः भुवन हमाल

ख) फिल्ड अध्ययन टोली

श्री टंक प्रकाश लामिछाने अधिकृत

श्री दिपेन सुवेदी अधिकृत

श्री सन्तोष गौतम, अधिकृत

श्री रामलाल आचार्य , अधिकृत

श्री भानुभक्त रेग्मी,सूचनाप्रविधि अधिकृत

श्री खगेन्द्र प्रसाद आचार्य, सहायक पांचौ

श्री किशोर कडेल, असई

श्री डम्मर प्रसाद आचार्य, सहायक पांचौ

श्री टंक प्रसाद अचार्य, नगर नियमन कर्ता

**ख) राहत वितरण**

| | |
|---|---|
| टोलि प्रमुख : यामलाल गिरी | सदस्य : लिलाधर तिवारी सदस्य : सुमित्रा बुढा |
| सदस्य : खड्कवहादुर केसी | सदस्य : बिर्ख बहादुर बुढा |
| सदस्यः नारायण शर्मा | सदस्य : धन बहादुर थापा |
| सदस्य : गोविन्द खरेल | सदस्य : दिपेश बसेल |
| सदस्य : रुपलाल सुनार | सदस्य : दीर्घ राज पोखरेल |
| सदस्य : होम बहादुर कार्की | सदस्य : मनोज पौडेल |

**६, राहत वितरण प्रतिवेदन तथा सार्वजनिकिकरण :** वडा कार्यालयवाट र नगरको कल सेन्टरवाट वितरण भएको राहतको दैनिक रुपमा मुख्यमन्त्रीको कार्यालय, कर्णाली प्रदेश, जिल्ला प्रशासन कार्यालय सुर्खेत मा दैनिक प्रतिवेदन पठाउनका साथै नगरपालिकाको फेसवुक पेज, नगरपालिकाको कोरोना ग्रुप पेजमा दैनिक सार्वजनिक गरिएको थियो भने । वडा कार्यालयले समेत राहत वितरण गरिएका व्यक्तीहरुको नामावली वडा कार्यालयमा सार्वजनिक गर्ने व्यवस्था मिलाइ राहत वितरण र खर्च विवरणको अनुसूची ३ वमोजिमको संक्षेप प्रतिवेदन नगरकार्यपालिकाको कार्यालयमा प्राप्त भएको छ। नगर कार्यपालिकावाट वितरण भएको राहत पाउने लाभग्राही तथा वडा कार्यालयवाट राहतपाउने लाभग्राहीहरुको पूर्ण नामावली वीरेन्द्रनगर नगरपालिकाको website:birendranagarmun.gov.np सार्वजनिक गर्ने व्यवस्था मिलाइएको छ भने सोको विल भरपाई सहितको राहत वितरण तथा खर्च प्रतिवेदन आर्थिक प्रशासन शाखामा वुझाइएको छ ।

७, राहत वितरण तथा व्यवस्थापनको मूख्य उपलब्धी :

- यस कार्यक्रमवाट वीरेन्द्रनगरमा स्थायी तथा अस्थायी रुपमा वसोवास गर्ने निम्नानुसारको परिवार संख्यामा देहाय वमोजिमको खाद्य सामाग्री वितरण गरिएको छ ।

**क) लाभ ग्राही परिवार संख्या :**

वडा तहवाट वितरित परिवार संख्या १७५७८ जम्मा जनसंख्या ७४२९५

कल सेन्टरवाट वितरीत परिवार संख्या ४२९९

**जम्मा राहत पाउने परिवार संख्या : २१८७७**

## ख) वितरित सामाग्री

**वडा तहमा**

चामल ३५२८५३ केजी दाल .२३६५३ केजी नुन.१६१४५केजी तेल ७४४१।५ली

**नगर कल सेन्टर मार्फत**

प्रदेश पोका ५७२ चामल ५८०३७ केजी नून ३७५६ दाल ३७५६ केजी

**कूल जम्मा**

**प्रदेश पोका : ५७२ चामल ४१०२९० दाल २७४०९ नून १९९०१ तेल ७४४१।५ ली**

**सामाग्री खरिद खर्च**

वडा कार्यालय मार्फत : २००२३७१५|११

नगर कार्यपालिकाको कार्यालय मार्फत : २६६४६१०

कूल जम्मा :२,२६,८८,३२५।११ (दुइ करोड छब्विस लाख अठासी हजार तिनसय पच्चिस पैसा एघार मात्र)

- यस राहत वितरण वाट मज्दुरी गरि खाने तथा अति विपन्न वर्गले दैनिक उपभोग्य वस्तुको राहत महशुस गर्दै लकडावनलाई सफल पार्न सहयोग भएको ।
- राहत वितरणको समयमा यस नगरमा कोरोना सक्रमण सुन्य रहेको ।
- मज्दुर तथा विपन्न नागरिकलाई घर दैलोमा सरकार भएको अनुभुती भएको छ ।

प्रतिवेदन तयार एवं पेश कर्ता
प्रकाश पौडेल(वरिष्ठ अधिकृत)
नगर विपद व्यवस्थापन समिति सचिव

प्रतिवेदन स्वीकृत कर्ता
टिकाराम ढकाल
प्रमुख प्रशासकिय अधिकृत

# अनुसूची १

## वीरेन्द्रनगर नगरपालिका,सुर्खेत

## नगरवासीका लागि राहत सामाग्री खरिद अनुमति माग फाराम

१ माग गर्ने वडा कार्यालय : वीरेन्द्रनगर नगरपालिका ... नं वडा कार्यालय

२, राहत दिनु पर्ने परिवार संख्याको विरण

| पूर्ण राहत दिनु पर्ने | | आंशिक राहत दिनु पर्ने | |
|---|---|---|---|
| परिवार संख्या | लाव्हान्वित जनसंख्या | परिवार संख्या | लाव्हान्वित जनसंख्या |
| | | | |
| विद्यार्थी संख्या | | | |

३, राहत सामाग्रीको विवरण

| क.सं | सामाग्रीको विवरण | परिमाण | खरिद गर्ने स्थान (खाद्य कम्पनी । पसलको नाम) |
|---|---|---|---|
| १ | चामल | | |
| २ | दाल | | |
| ३ | नुन | | |
| ४ | तेल | | |

४, राहत सामाग्रीको ढुवानी गर्ने साधन को

ड्राइभरको नाम साधन नं.........

माग गर्ने को नाम :

पद :

हस्ताक्षर

## अनूसूचि २
## वडा कार्यालयवाट राहत वितरणमा सलग्न कर्मचारीहरु

| | | | |
|---|---|---|---|
| १ | दिनेश सापकोटा | सहायक पाँचौं | वडा नं ५ |
| २ | लक्ष्मी सारु | सामाजिक परिचालक | वडा नं ५ |
| ३ | कृष्णा कुमारी खनाल | कास | वडा नं ५ |
| ४ | दिपा अधिकारी | सामाजिक परिचालक | वडा नं ५ |
| ५ | भूपतिराम अधिकारी | सहायक पाँचौं | वडा नं १ |
| ६ | जिवन आचार्य | कास | वडा नं १ |
| ७ | शुसिला विक | सामाजिक परिचालक | वडा नं १ |
| ८ | बाटु नेपाली | सामाजिक परिचालक | वडा नं १ |
| ९ | उत्तम अधिकारी | सहायक चौथो | वडा नं १२ |
| १० | प्रेम प्रसाद खराल | कास | वडा नं १२ |
| ११ | आशा कुमारी थापा | सामाजिक परिचालक | वडा नं १२ |
| १२ | सविना केसी | सामाजिक परिचालक | वडा नं १२ |
| १३ | निशा वली | सामाजिक परिचालक | वडा नं १० |
| १४ | हृदयराम ढकाल | सहायक पाँचौं | वडा नं १० |
| १५ | टेक बहादुर विसी | सहायक चौथो | वडा नं १० |
| १६ | कृष्ण बहादुर चौधरी | कास | वडा नं १० |
| १७ | ठाकुर प्रकाश भण्डारी | सहायक चौथो | वडा नं १४ |
| १८ | रेशमलाल पराजुली | कास | वडा नं १४ |
| १९ | बन्दना पौडेल | सहायक पाँचौं | वडा नं २ |
| २० | सोभान सिं न्यौपाने | सहायक चौथो | वडा नं २ |
| २१ | हरिमाया कार्की | सामाजिक परिचालक | वडा नं २ |
| २२ | कृष्णा अधिकारी | समूह परिचालिका | वडा नं २ |
| २३ | विनोद बहादुर खड्का | कास | वडा नं २ |
| २४ | धनसरा अधिकारी | सामाजिक परिचालक | वडा नं २ |
| २५ | विष्णु प्रसाद आचार्य | सहायक पाँचौं | वडा नं ११ |
| २६ | धन बहादुर बुढा | कास | वडा नं ११ |
| २७ | अन्जली विक | सामाजिक परिचालक | वडा नं ११ |
| २८ | शेर बहादुर सुनार | सरसफाइकर्मी | वडा नं ११ |
| २९ | शेर बहादुर महतारा | सरसफाइकर्मी | वडा नं ११ |
| ३० | भागीराम जैसी | सरसफाइकर्मी | वडा नं ११ |
| ३१ | माधुरी न्यौपाने | सहायक पाँचौं | वडा नं ११ |
| ३२ | शान्ति कुमारी थापा | सामाजिक परिचालक | वडा नं ११ |
| ३३ | कल्पना लामा | सहायक पाँचौं | वडा नं ३ |
| ३४ | गंगा सागर श्रेष्ठ | सहायक चौथो | वडा नं ३ |
| ३५ | सुजाता थापा | सहायक चौथो | वडा नं ३ |
| ३६ | नविन रसाइली | सामाजिक परिचालक | वडा नं ३ |
| ३७ | भावना राना | कास | वडा नं ३ |
| ३८ | टिका थानी | सहायक पाँचौं | वडा नं ६ |
| ३९ | रेखा केसी | सामाजिक परिचालक | वडा नं ६ |
| ४० | कल बहादुर थारु | सहायक चौथो | वडा नं ६ |
| ४१ | सुन्दरपता बाल्मिकी | सरसफाइकर्मी | वडा नं ६ |

| | | | |
|---|---|---|---|
| ४२ | रमा बाल्मिकी | सरसफाइकर्मी | वडा नं ६ |
| ४३ | कालुराम चौधरी | कास | वडा नं ६ |
| ४४ | बफातन भंगी | सरसफाइकर्मी | वडा नं ६ |
| ४५ | इन्द्रप्रसाद अधिकारी | सहायक पाँचौं | वडा नं ४ |
| ४६ | रत्न बहादुर विक | सहायक चौथो | वडा नं ४ |
| ४७ | पुस्पा कुमारी पुरी | सामाजिक परिचालक | वडा नं ४ |
| ४८ | दिपा सोमै | सामाजिक परिचालक | वडा नं ४ |
| ४९ | कृष्णा कुमारी भट्टराइ | कास | वडा नं ४ |
| ५० | मनोज पौडेल | सहायक चौथो | वडा नं ८ |
| ५१ | पद्मा गौतम | सामाजिक परिचालक | वडा नं ८ |
| ५२ | उर्मिला कुमारी बुढा | सामाजिक परिचालक | वडा नं ८ |
| ५३ | चन्द्रलाल कुमाल | कास | वडा नं ८ |
| ५४ | देव प्रसाद मुलेल | सहायक पाँचौं | वडा नं ९ |
| ५५ | भिम बहादुर खड्का | सहायक चौथो | वडा नं ९ |
| ५६ | भविसरा गिरी | सामाजिक परिचालक | वडा नं ९ |
| ५७ | राधा कुमारी विक | सामाजिक परिचालक | वडा नं ९ |
| ५८ | डम्बर रोकाय | कास | वडा नं ९ |
| ५९ | विष्णु दत्त रेग्मी | सहायक पाँचौं | वडा नं ७ |
| ६० | सर्वजित वली | सहायक चौथो | वडा नं ७ |
| ६१ | मन्जु कुमारी भण्डारी | सहायक चौथो | वडा नं ७ |
| ६२ | गंगा राना | सामाजिक परिचालक | वडा नं ७ |
| ६३ | चन्द्रा पौडेल | सामाजिक परिचालक | वडा नं ७ |
| ६४ | विकास फेवाली | कास | वडा नं ७ |
| ६५ | लक्ष्मी प्रसाद लामिछाने | सहायक पाँचौं | वडा नं १३ |
| ६६ | देवीसरा दर्लामी | सामाजिक परिचालक | वडा नं १३ |
| ६७ | गिता चपाई | सामाजिक परिचालक | वडा नं १३ |
| ६८ | चन्दन थापा | सामाजिक परिचालक | वडा नं १३ |
| ६९ | बालाराम उपाध्याय | कास | वडा नं १३ |
| ७० | मानबहादुर नेपाली | सामाजिक परिचालक | वडा नं १६ |
| ७१ | तस्वीर विक | सहायक चौथो | वडा नं १६ |
| ७२ | ललित वली | कार्यालय सहयोगी | वडा नं १६ |
| ७३ | देव कुमारी थापा | सामाजिक परिचालक | वडा नं १५ |
| ७४ | दिपक केसी | कार्यालय सहयोगी | वडा नं १५ |

## अनूसूची ३

## फिल्ड अध्ययन फाराम

# लकडाउनको कारणले दैनिक रुपमा ज्याला मजदुरी गर्न नपाई न्युनतम् खाद्यान्न उपलब्ध नभएका व्यक्ति/परिवारका लागि राहत सिफारिश फाराम

**प्रस्तुत फारममा भरेका कुरा, फोटो लिन र परिचय सार्वजनिक गर्न मेरो मन्जुरी छ ।**

**१, राहत माग कर्ताको परिचय**

परिवार मूलीको नाम : ........................................ सम्पर्क नम्वर :............

बुवाको नाम :....................................... बाजेको नाम :..................................

ना प्र.नं. वा अन्य सरकारी परिचय पत्र नं..................................स्थायी ठेगाना .............

वसोवास ठेगाना : वीनपा ... टोल............... परिवार संख्या (एक वर्ष माथिको):

आम्दानीको मुख्य श्रोत :.................................

नगर वाहिरको भए, वीरेन्द्रनगर बस्नु परेको कारण :..................................................

**२. राहत मागकर्ताको आर्थिक अवस्था (घरमा गइ बुझ्ने )**

| क.सं | प्रश्नावली | उत्तर | |
|---|---|---|---|
| १ | घरको प्रकार<br>तला | पक्की | |
| | | कच्ची | |
| | | अस्थायी | |
| २ | जग्गाको विवरण<br>जग्गाको प्रयोग.................................................................. | कित्ता | |
| | | क्षेत्रफल | |
| ३ | परिवारका कुने पनि सदस्यले नियमित पारिश्रमिक पाउने गरी काम | गरेको | |
| | | नगरेको | |
| ४ | कुनै सदस्यले सामाजिक सुरक्षा भत्ता ५ हजारभन्दा माथि | पाएको | |
| | | नपाएको | |
| ५ | छोराछोरी कुन विद्यालयमा जाने गरेको | नीजि | |
| | | सामुदायिक | |
| ६ | आय हुने कुनै श्रोत, व्यापार व्यवसाय, वैदेशिक रोजगार, कृषि | भएको | |
| | | नभएको | |
| ६ | परिवारका सदस्यले सुनका गहना | लगाएको | |
| | | नलगाएको | |
| ७ | घरमा सवारी साधन | भएको | |
| | | नभएको | |
| ८ | बैंक तथा वित्तीय संस्थामा खाता | भएको | |
| | | नभएको | |
| ८ | लकडाउनबाट खान बञ्चित हुनु परेको प्रमुख कारण | | |

| | | | |
|---|---|---|---|
| ९ | अन्य कुनै खुलाउनु पर्ने विशेष कारण भए उल्लेख गर्ने | | |
| १० | अगाडी राहत | पाएको<br>नपाएको | |
| पाएको भए कति पाएको<br>कति दिनका लागि<br>कसबाट | | | |

**३. राहत स्वीकृत परिमाण**

१. चामल ☐ केजी २. दाल ☐ ३. नुन ☐

४. अन्य ☐

**४. स्थलगत निरीक्षण टोलीको सिफारिस**

मागकर्ताको घर परिवारको अवस्था हेर्दा माथिको विवरण साँचो भएको र निजको परिवार लकडाउनबाट अति प्रभावित देखिएकाले राहतका लागि सिफारिस गर्दछु ।

टोली प्रमुख श्री .....................................

वडा कार्यालयको प्रतिनिधि..........................................

सदस्य श्री ...........................................

सिफारिस मिति : २०७७/

माथि उल्लेखित व्यहोरा झुठा भएको प्रमाणित भएमा प्रचलित कानुन बमोजिम सहने छु बुझाउने छु साथै नगरपालिकाबाट उपलब्ध हुने सेवा सुविधाहरु समेत कटौती गरेमा मन्जुर छु भनि हाम्रा लागि माथि उल्लेख भए बमोजिम स्वीकृत राहत सामग्री बुझि पूर्ण होसहवासमा सहीछाप गरिदिएँ ।

राहत बुझ्नेको नाम थर

नागरिकता नं

सही छाप :

| | |
|---|---|
| | |
| दायाँ | बायाँ |

**(राहत लिन जाँदा झोला वा थैला आफैले लिइ जानुपर्नेछ। यो स्लीपबाट राहत वितरण हुने अवधि ३ दिन भित्र मात्र ।)**

# गतिविधि फोटोहरु

अध्ययन टोलि फिल्डमा






राहत
वितरणको
तयारी















फिल्डमा अध्ययन टोली

